# यहाँदेखि उता

• मनोज बोगटी ।

पर्खि शब्द
यहाँदेखि उता
सँगै जानु छ।

यहाँदेखि उता नै धेर गहिरोहरू छन्
धेर उकालोहरू छन्
जीवनको युवा सङ्घर्षको बेला त अब पो छ त
यहाँदेखि उता।

हुरी चल्न थाल्छ अब
डोबहरू बाटो ढाकेर बसेका हुन्छन्
हजार काँड़ा उठेका हुन्छन् अब।

घाउलाई छेउबाट अनुभूत गर्न
इः खाली खुट्टा छु म।

अघ्रँदै गरेको दुइ आँखा छन् मसित
यहाँदेखि उताको दृश्यहरू झेल्नु छ।

छाम्नु पर्ने अरू वस्तुहरू त यहाँदेखि उता पो छ त
मृत्युको छेउसम्म पुग्दा सम्मेत
नखोल्लिने रहस्य छ जीवन
यहाँदेखि उता।

पर्खि शब्द
नहिँड़ जीवन अघि–अघि
जीवनहीन तेरो एक्लो यात्रा लक्ष्यहीन छ।

एक्लै कोही पनि पुग्न सक्तैनन्
गहिरोमा।

पर्खि शब्द!

•

• कालेबुङ।